# नेपाली काङ्ग्रेसको संस्कृति र पर्यटन नीति

प्रा.डा. सोमप्रसाद खतिवडा


## लेखसार

संस्कृति मानव समुदायसँग सम्बन्धित छ, जुन अज्ञात पुर्खाले सिर्जना गरेको हुन्छ । संस्कृति मानिसको समस्त आनीवानी, चालचलन, व्यवहार र क्रियाकलाप हो, जुन समाजको नागरिकको हैसियतले पाच्य रूपमा प्रदर्शन गरिन्छ । संस्कृतिलाई सम्पदा पनि भनिन्छ । यो भौतिक र अभौतिक तथा मूर्त र अमूर्त दुई प्रकारको हुन्छ । भौतिक या मूर्त संस्कृति भवन, मन्दिर, दरबार, मूर्ति, चित्र, कलावस्तु आदिका रूपमा रहन्छन् । अभौतिक या अमूर्त संस्कृति चाहिं मानिसका आनीवानी, भावना, चाहना, चाडपर्व, संस्कार, रितिरिवाज, शोच र धारणाका रूपमा रहेका हुन्छन् । यी दुवै प्रकारका संस्कृतिले कुनै पनि समुदायका पहिचान, जीविका र आध्यात्मिक शान्तिको कार्य गर्दछन् । विगतमा पुर्खाहरूले आफ्ना विविध प्रकारका आवश्यकता परिपूर्तिका लागि संस्कृतिको विकास गरे, जुन जीविका, आध्यात्मिक र भौतिक चाहनाको परिपूर्तिका माध्यम थिए । हाल मानिसका आवश्यकताहरूमा व्यापक रूपमा परिवर्तन भए पनि पुन संस्कृतिलाई जीविकाको माध्यम बनाउन लागिएको छ । संस्कृतिलाई जीविकाको रूपमा पर्यटनले सहयोग गर्दछ । नेपाल संस्कृतिका दृष्टिले अति सम्पन्न छ र यसका माध्यमबाट विकास भएको पर्यटन सांस्कृतिक पर्यटन हो तर हालसम्म पनि यसको अपेक्षाकृत रूपमा विकास गर्न सकिएको छैन । नेपाली संस्कृतिलाई पर्यटनसँग समन्वय गरी विकास गरिएको खण्डमा यहाँको पर्यटन विकास दिगो रूपमा हुने, संस्कृतिको संरक्षण हुने तथा रोजगारीको माध्यम बन्ने पनि निश्चित छ । यसले नेपालजस्तो विकासोन्मुख मुलुकको आर्थिक विकास रोजगार र आयआर्जनमा पनि सहयोग पुग्ने देखिन्छ तर यो काम चुनौतिपूर्ण पनि छ । यसका लागि उचित प्रकारका नीतिनियम बन्न, पूर्वाधार विकास हुन र सम्पदाको संरक्षण गर्न पनि त्यति नै आवश्यक छ ।

जुनसुकै दलले पनि देश विकासका निश्चित नीति लिएका हुन्छन्, जुन नीतिको व्यवस्था तिनका विधानमा गरिएको हुन्छ भने चुनावी घोषणापत्रमा पनि त्यसको व्यवस्था गरिन्छ । नेपाली काङ्ग्रेसले पनि देशमा संस्कृति जोगाउने तथा पर्यटन विकासका लागि उचित नीतिनिर्माण गर्ने कार्यलाई आफ्नो विधानमा नै प्राथमिकतामा राखेको देखिन्छ । नेपाली काङ्ग्रेसले नेपालको संस्कृति र पर्यटन नीतिका आधारमा नै यससम्बन्धी नीति बनाएको देखिन्छ । नेपाली काङ्ग्रेसको विधान २०१७ र चुनाव घोषणापत्र २०७९ मा नेपालमा संस्कृतिको संरक्षण गर्ने, अनुसन्धान गर्ने र पर्यटनको विकास गर्न उचित नियम बनाउने कुरा उल्लेख गरिएको देखिन्छ । त्यसमा संस्कृतिलाई पर्यटन विकासको अधार मानिएको छ ।


**शब्दकुञ्जिः** सम्पदा, मूर्त, अमूर्त, पुस्तान्तरण, परम्परा ।

## परिचय

संस्कृतिको अर्थ परिस्कृत हुनु हो, जसबाट मानिस सभ्य र संस्कारयोग्य बन्दछ । मानिसमा ज्ञान, सिप र क्षमताको विकास हुनु पनि संस्कृति नै हो । हाम्रो संस्कृति अघि पुर्खाहरूले सुरुवात गरे र पुस्तान्तरण

हुँदैआएको हो । संस्कृति मानिस र उसको समाजसँग सम्बन्धित रहन्छ । एकल व्यक्तिले एकान्तमा बसेर गरेका व्यवहार तथा क्रियाकलाप संस्कृति मानिदैन । संस्कृति विगतसँग सम्बन्धित हुने भए पनि वर्तमानमा पनि मानिसले विशेष प्रकारको संस्कृतिको विकास गर्न सक्तछ । विगतमा पुर्खाहरूले जीविका, मनोरञ्जन र आध्यात्मिक आवश्यकता परिपूर्तिका लागि अनेक प्रकारका प्रविधिको विकास तथा परम्पराको सुरुवात गरे, जुन पछिल्लो कालमा संस्कृतिका रूपमा परिचित भए । जस्तो विगतमा पुर्खाहरूले जीविकाका लागि खेतिपाती गर्न तथा व्यापार व्यवसाय गर्न सिके, जुन पछि संस्कृति बन्यो । कन्दमुल खोज्ने, जडिबुटीको प्रयोग गर्ने, उद्योग खोल्ने सबै संस्कृतिका अङ्ग बने । खेतिपातीका लागि गोरु जोत्ने र कपास कातेर कपडा बनाउनेजस्ता कार्य पनि संस्कृति नै बने । यसरी संस्कृतिले मानिसको आवश्यकता पूरा गर्ने व्यापार, उद्योग, कृषि आदि आर्थिक पक्षलाई पनि समेटेको हुन्छ । यस्तै मानिसको मनोरञ्जनका लागि गरिने नृत्य, गायन आदि संस्कृतिका रूपमा विकसित भए भने स्वास्थ्य रहनका लागि सुरु गरिएका परम्परागत औषधीमूलो, टुनामुना तथा धामी, झाँक्री परम्परा आदि पनि कालान्तरमा संस्कृति बने । यसरी संस्कृति मानिसका आवश्यकता पूरा गर्ने माध्यमका रूपमा विकास भएका विषयवस्तुहरू हुन् ।

संस्कृतिभित्र अनेक एकाई रहन्छन् । जस्तो विभिन्न अङ्ग मिलेर मानिसको शरीर बन्दछ, त्यसैगरी संस्कृति पनि अनेक प्रकारका एकाईहरू मिलेर बन्दछ । मानिसका क्रियाकलाप, शोच, धारणा, विश्वास, परम्परा, संस्कार, चाडपर्व, जात्रा, नृत्य, गायन, उत्सव, गतिविधि र आनिवानी संस्कृतिका अभौतिक एकाई तथा कलावस्तु, वास्तुहरू, हतियार, भाँडावर्तन, लुगाफाटा र गरगहना आदि भौतिक वस्तु सबै संस्कृतिका एकाई मानिन्छन् । यस्तै भौतिक र अभौतिक दुवै प्रकारका इकाईबाट मानिसको संस्कृति बन्दछ । युनेस्कोले संस्कृतिभित्र जीवनका आधारभूत आवश्यकताहरू जस्तो खाना, लुगा, सुरक्षा र आवासलगायतका भाषा, शिक्षा, सामाजिक संस्था, सामाजिक मूल्य र मान्यता, धर्म, विश्वास, परम्परागत ज्ञान र कला तथा सिर्जनासमेत पर्ने बताएको छ । यसरी संस्कृति अति व्यापक पनि छ ।

नेपाली संस्कृति यहाँका सबै जातजातिका संस्कृतिको समष्टि रूप हो । यहाँका हिमाल, पहाड र तराईका विभिन्न भागमा बसोबास गर्ने अनेक जातजाति, धर्मका अनुयायी, भाषाभाषी र समुदायको संस्कृतिको कूल रूप नै नेपाली संस्कृति हो । नेपाली संस्कृतिभित्र यहाँका १४० भन्दा धेरै जातजाति तथा १२४ भन्दा धेरै भाषाभाषीका मानिसको आनिबानी, रितिरिवाज, चालचलन, खानपीन, कला, भाषा, संस्कार, परम्परा, सिप, नृत्य र अन्य गतिविधि पर्दछन् । यसरी नेपाली संस्कृति सम्पूर्ण नेपालको परिचायक हो । कुनै निश्चित जातजाति या भाषाभाषीको संस्कृति चाहिं नेपाली संस्कृतिको एउटा एकाईमात्र मानिन्छ ।

नेपालमा संस्कृति संरक्षण गर्नुपर्ने कुरामा सरकार र जनता निकै सजग भएका देखिन्छन् । हालसम्म नेपालमा प्राचीन स्मारक संरक्षण ऐन र नियमावलीलगायतका करिव २३ वटा नीतिनियम संस्कृतिको संरक्षणसँग सम्बन्धित छन् । यसमा विभिन्न विकास समिति गठन आदेश पनि पर्दछन् । नेपालमा संस्कृति नीति २०६७ त्रिवर्षिय योजनाका रूपमा आएको देखिन्छ तर यतिलेमात्र संस्कृति नीति पूर्ण भएको थिएन । पछिल्लो कालमा संस्कृति मन्त्रालयले नयाँ संस्कृति नीतिको आवश्यकता महसुस गरेर निर्माण गरेको छ । नयाँ संस्कृति नीति हाल जारी हुने अवस्थामा पुगेको छ । नेपालमा संस्कृति संरक्षणका क्षेत्रमा हालसम्म विभिन्न प्रतिष्ठान र आयोगसमेत गरी करिव दुई दर्जनजति संघसंस्था कार्यरत छन् । यसैगरी नेपालमा बेग्लै संस्कृति आयोगको आवश्यकता

रहेको कुरा विज्ञहरूले दर्साएका छन् । विभिन्न राजनैतिक दलहरूलेसमेत संस्कृति संरक्षणका बारेमा आफ्ना चुनावी घोषणापत्रहरूमा केही व्यवस्था गर्ने गरेका छन् । यसरी हाल आएर संस्कृति नीति आउने अवस्थामा छ भने संस्कृति संरक्षणमा प्राय सबै क्षेत्रको चासो बढेको देखिन्छ ।

पर्यटन यात्रा गर्ने क्रमबाट सुरु भएको मानवको गतिविधि हो । यसलाई अघि यात्राका रूपमा लिने गरिन्थ्यो । विश्वमा यात्रासम्बन्धी अवधारण निकै पुरानो मानिन्छ तर यात्राका लागि पर्यटन शब्द भने निकै पछिमात्र प्रयोगमा आएको हो । पर्यटनका लागि अङ्ग्रेजीको टुरिज्म शब्द सन् १९३० को दशकतिर प्रचलनमा आएको देखिन्छ । त्यसपछि पर्यटनलाई पेसा या व्यवसायका रूपमा लिन थालियो । यात्रा आर्थिक क्रियाकलापसँग सम्बन्धित हुने हुँदा यसलाई पर्यटनका रूपमा लिन लागिएको हो । यात्रा गर्ने क्रम भने आजभन्दा हजारौं वर्ष अगाडिदेखि नै चलेको देखिन्छ । सुरुसुरुमा मानिसहरू विभिन्न स्थानमा घुम्ने, फिर्ने या यात्रा गर्ने गर्दथे, जसलाई यात्री भनिन्थ्यो । तत्काल एक ठाउँबाट अर्को ठाउँको भ्रमणमा निस्कनुलाईमात्र पनि यात्रा भनिन्थ्यो । त्यो पर्यटनको प्रारम्भिक स्वरूप थियो, जसका लागि यात्रीहरू नयाँ ठाउँमा जाने र एकअर्कामा परिचित हुने गर्दथे । तत्काल तीर्थयात्रा गर्नु यात्राको प्रमुख उद्देश्य हुन्थ्यो । व्यापार व्यवसायको शिलसिलामा पनि थुप्रै मानिसहरू विभिन्न स्थानको भ्रमण गर्दथे । कालान्तरमा क्रमिक रूपमा मनोञ्जनका लागि, बिदाको सदुपयोग गर्न र औषधोपचारका लागि पनि मानिसले यात्रा गर्न लाग्यो । यसरी मानिसको यात्रा गर्ने क्रमबाट नै आधुनिक पर्यटनको विकास भएको हो ।

मानिसको स्वाभाव घुमन्ते हुन्छ । यो उसको प्रारम्भदेखि नै सुरु भएको बानी हो । मानिसको यही घुम्ने बानीका कारण पर्यटनको सुरुवात भएको मानिन्छ । मानिसको प्रारम्भिक यात्रा तीर्थयात्रा, व्यापार र जीविकाका लागि थियो । पछि घुमाइलाई आर्थिक क्रियाकलापसँग जोडेपछि भने यात्रालाई पर्यटन मानियो । मानिस जुनसुकै उद्देश्यले घर बाहिर हिंडे पनि ऊ पर्यटक बन्दछ तर यसका लागि आर्थिक क्रियाकलाप भएको हुन आवश्यक मानिन्छ । शिक्षा लिने, मनोरन्जन गर्ने, बिदाको सदुपयोग गर्ने, खेल खेल्ने र हेर्ने, तीर्थयात्रा गर्ने, व्यापार र व्यवसायका लागि घुम्ने, आफन्तसँग भेटघाट र औषधोपचारलगायतका जुनसुकै कार्य गर्नका लागि घुम्ने व्यक्ति पर्यटक हुन सक्तछ । पर्यटकहरू सांस्कृतिक र सहासिक हुन्छन् । हिमाल चढ्ने, बन्जीजम्पिंग, र्‍याफ्टिंग, कायकिंग, जंगलसफारी, बेलुनिंग, हर्सराइडिंग, फिसिँग र अन्य जस्तोसुकै कार्य गर्ने मनसायले हिंडेको यात्री पनि पर्यटक हुन सक्तछ । तिनीहरूको यात्राका प्रकृतिअनुसार पर्यटन र पर्यटकको वर्गीकरण गर्ने परम्परा छ ।

विश्वमा आर्थिक विकासका क्रममा यात्रालाई पनि व्यवसायीकरण गरियो र यसैलाई पर्यटनका रूपमा लिन लागियो । हाल यसलाई एक महत्त्वपूर्ण आर्थिक गतिविधिको माध्यम मान्न लागिएको छ । यात्रालाई व्यावसायीकरण गरिएपछिमात्र यसले उद्योगको रूप लिन लागेको हो । पर्यटन अस्थायी घुमफिर हो, जुन स्वैच्छिक रहन्छ । यस अर्थमा एक ठाउँ छाडी सदाका लागि अर्को स्थानमा बसाई सर्नुलाई पर्यटन मान्न सकिँदैन । कुनै पनि यात्रा पर्यटन हुनका लागि क्षणिक समय या दुईचार दिन, हप्ता या महिनाको हुन आवश्यक हुन्छ । यस्तो यात्रा श्वैच्छिक हुन पनि त्यत्तिकै आवश्यक मानिन्छ । तसर्थ विशेष परिस्थितिमा जिउज्यानको सुरक्षाका लागि अर्को स्थानमा गएर केही समयका लागि बस्नु पनि पर्यटन होइन । यस्तो यात्रा अर्थ उपार्जन गर्ने या व्यापार व्यवसाय बढाउने मनसायले चाहिं गरिएको हुन सक्तछ । पर्यटकले घुमफिर गर्ने क्षेत्रमा केही रकम खर्च गर्न आवश्यक हुन्छ । तसर्थ व्यापार व्यवसायका दृष्टिले गरिने भ्रमण पनि पर्यटन हो, जसका लागि

भ्रमणकर्ताले पैसा कमाउनेमात्र नभएर भ्रमण गरिएको स्थानमा केही रकम खर्च गर्न आवश्यक हुने गर्दछ। अध्ययनका लागि कुनै ठाउँमा गएर बसोवास गर्नुमात्र पर्यटन हुन सक्तैन भने ज्ञानोपार्जनका लागि कतै घुमफिर गर्नुचाहिं पर्यटन हुन सक्तछ। वर्तमान परिप्रेक्ष्यमा कुनै सभासम्मेलनमा भाग लिन हिंड्ने कार्यलाईसमेत पर्यटन मान्ने गरिएको छ।

पर्यटन मुख्य रूपमा आन्तरिक र बाह्य गरी २ प्रकारका छन्। एउटै देशभित्र एक ठाउँबाट अर्को ठाउँमा जाने या यात्रा गर्ने कार्य आन्तरिक पर्यटन र एक देशबाट अर्को देशमा आउने तथा जाने कार्य बाह्य पर्यटन हुन्। पर्यटकको चाहनाअनुसार पनि पर्यटनको वर्गीकरण गर्न सकिन्छ। सहासी पर्यटन, कालो पर्यटन, मनोरन्जन पर्यटन, आमोदप्रमोद पर्यटन, सांस्कृतिक पर्यटन, व्यावसायिक पर्यटन, शैक्षिक पर्यटन, तीर्थयात्रा पर्यटन, खेलकुदपर्यटन र औषधोपचार पर्यटन यसका मुख्य प्रकार हुन्। यसैगरी पर्यटनलाई सांस्कृतिक र प्राकृतिक गरी अन्य दुई भागमा पनि वर्गीकरण गर्ने परम्परा छ। प्राकृतिक दृश्य र प्राकृतिक विषयवस्तुमा रमाउने यात्री प्राकृतिक पर्यटक हुन्छन्। संस्कृतिमा रमाउने यात्रीचाहिं सांस्कृतिक पर्यटक मानिन्छन्। तसर्थ जुन पर्यटन संस्कृति तथा सांस्कृतिक विषयवस्तुमा केन्द्रित हुन्छ, त्यसलाई सांस्कृतिक पर्यटन भनिन्छ। सांस्कृतिक पर्यटक मानव, उसको आनिवानी, बसोबास, कला, परम्परा, खानपानलगायतका संस्कृतिसँग सम्बन्धित विषयवस्तुमा रमाउने गर्दछन् र त्यस्तै क्षेत्रको भ्रमण गर्दछन्।

नेपाल सांस्कृतिक र प्राकृतिक दुवै प्रकारका सम्पदामा अति धनी छ। यसमा पनि नेपाल सांस्कृतिक सम्पदाले अझ विश्व प्रख्यात छ। तसर्थ नेपालमा प्राय सांस्कृतिक सम्पदा पर्यटक नै धेरै आउने गर्दछन्। नेपालको काठमाडौँ उपत्यकाका कान्तिपुर, भक्तपुर र ललितपुर सांस्कृतिक सम्पदाका केन्द्र मानिन्छन्। तसर्थ यहाँका विभिन्न स्थानलाई युनेस्कोले विश्वसम्पदा सूचीमा सूचीकृत पनि गरेको छ। उपत्यकाका पशुपतिनाथक्षेत्र, स्वयम्भूक्षेत्र, चाँगुनारायण, बौद्धनाथ, भक्तपुर दरबारक्षेत्र, वसन्तपुर दरबारक्षेत्र र पाटनदरबारक्षेत्र विश्वसम्पदा सूचीमा सूचीकृत छन्। यसैगरी लुम्बिनी पनि विश्वसम्पदा सूचीमा सूचीकृत भएको छ। नेपालका अन्य थुप्रै भागहरू सांस्कृतिक सम्पदाका दृष्टिले अति सम्पन्न छन्। तिनीहरू युनेस्कोको विश्वसम्पदा सूचीमा सूचीकृत हुन उपयुक्तसमेत छन्। यिनीहरूका बारेमा जानकारी लिन, यिनीहरू हेरेर रमाउन, समय व्यतित गर्न तथा यिनीहरूका कारण सालिन्दा हजारौं पर्यटकहरू नेपाल आउने गर्दछन्। नेपाल प्राकृतिक सम्पदाले पनि निकै सम्पन्न छ। विश्वका दुर्लभ प्राकृतिक वस्तु र दृश्यहरू नेपालमा पाइन्छन्।

नेपालमा पर्यटकीय दृष्टिले अति अति सम्पन्न भए पनि समुचित रूपमा नीतिनियमका अभावले यहांको पर्यटनको विकास अपेक्षाकृत रूपमा हुन सकेको छैन। यी विषयवस्तुलाई हृदयंगम गरी नेपाल सरकारले पर्यटन नीति २०६५ लागु गरेको छ। पर्यटन नीतिमा नेपालमा सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको सङ्ख्यात्मक एवम् गुणात्मक वृद्धि गर्ने उद्देश्य राखेको छ। पर्यटनका माध्यमबाट आर्थिक परिवर्तनका आधारशीला तयार गर्न भएका नीतिनियमलाई परिमार्जन गर्नु परेको उल्लेखसमेत यस नीतिमा गरिएको पाइन्छ। यस नीतिका कारण नेपालमा सम्पदाहरूको संरक्षण र प्रचारप्रसार गर्न थप सहयोग पुग्ने र पर्यटनकोसमेत विकास हुने मान्यता राखिएको छ।

पर्यटन नीति २०६५ ले अनेक प्रकारका उद्देश्यहरू राखेको छ। यसका मुख्य उद्देश्यहरू क) पर्यटन क्षेत्रको विविधीकरण र बिस्तारद्वारा सर्वसाधारा नागरिकमा स्वरोजगारको सिर्जना गरी पत्यापर्यटन र ग्रामीण पर्यटनलाई गरिबी निवारणसँग आबद्ध गरी उनीहरूको जीवनस्तरमा सुधार गर्न पर्यटन उद्योगको प्रवर्द्धन गरी यसलाई

राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रूपमा विकास गर्ने, ख) देशका मूर्तअमूर्त प्राकृतिक, सांस्कृतिक, जैविक तथा मानव निर्मित सम्पदाहरूको खोज, संरक्षण, सम्बर्द्धन एवम् विकास गरी नेपाललाई पर्यटकीय दृष्टिले आकर्षक र प्रमुख गन्तव्य स्थलको रूपमा विकास गर्ने, ग) सुलभ, सुरक्षित, भरपर्दो र नियमित हवाई तथा स्थल यातायातको माध्यमद्वारा पर्यटन क्षेत्रको विकास, बिस्तार र प्रबर्द्धन गर्ने र घ) पर्यटकीय पूर्वाधारको विकास र निर्माणको क्रममा प्राकृतिक स्रोत र साधनको उपायेग गर्दा वातावरण संरक्षण गर्दै त्यस्ता स्रोत र साधनको दिगो रूपमा उपयोग गर्ने रहेका छन् (पर्यटन नीति, २०६५) ।

पर्यटन नीति २०६५ ले देशको पर्यटन विकासका लागि विभिन्न नीति र कार्यनीति पनि लिएको देखिन्छ। पर्यटन विकासका लागि गुरुयोजना बनाउने, ग्रामीण पर्यटनको विकासलाई प्राथमिकता दिने, आन्तरिक पर्यटनलाई पनि प्रोत्साहन गर्ने, पर्यटन उद्योगलाई पनि ठूला, मझौला र साना गरी ३ भागमा वर्गीकरण गर्ने, पर्यटनको विकासका लागि पूर्वाधारको विकास, हवाई सेवाको विकास र बिस्तार, गुरुयोजना निर्माण, मानव संशाधनको विकास, वातावरण संरक्षणमा प्राथमिकता, पर्यटक र पर्यटन उद्योगलाई सुविधा बिस्तार, पर्यटन व्यवसायको सुरक्षा, समन्वय र पर्यटन नीतिमा समय सापेक्ष परिमार्जनलगायतका नीति पर्यटन नीति २०६५ मा राखिएका देखिन्छन् (पर्यटन नीति २०६५) । नेपालमा भ्रमण वर्षहरूको व्यवस्था, वेमौसमी पर्यटकलाई विशेष सुविधा, यात्रा प्याकेजमा पर्यटन व्यवसायीलाई प्रोत्साहन, पर्यटन व्यवसायीहरूसँग समन्वयको व्यवस्था, अन्य निकायहरूसँग समन्वय, ब्राण्डिंग, प्रवर्धन, सहयोग, पूर्वाधार विकास, सुविधा बिस्तार, प्रोत्साहनका कार्यक्रम र पुरस्कारको व्यवस्थासमेत यसको कार्यनीतिमा राखिएका छन् । यसमा ग्रामीण पर्यटन नीति र पऱ्यावरण पर्यटन नीति पनि समावेश गरिएका देखिन्छन् ।

## अध्ययन विधि

प्रस्तुत लेखमा नेपाली काङ्ग्रेसको संस्कृति र पर्यटन नीतिको समीक्षा गरिएको छ । हालसम्म यस दलले लिएको संस्कृति र पर्यटन नीतिका बारेमा राम्रोसँग शोध तथा खोज भइनसकेको हुँदा यसलाई अध्ययनको विषयवस्तु बनाइएको हो । नेपाली काङ्ग्रेस एक राजनैतिक दल भए पनि यसले आफ्नो विधान र चुनावी घोषणापत्रमा यस्ता नीतिलाई पनि स्पष्टसँग समावेश गरेको देखिन्छ। यस दलले संस्कृति र पर्यटनसम्बन्धी के कस्ता नीति लिएको छ भन्ने विषय अध्ययनको मुख्य प्रश्न रहेको छ। प्रस्तुत लेखमा देशमा विद्यमान संस्कृति र पर्यटन नीतिको समीक्षा गर्दै नेपाली काङ्ग्रेसको विधान र चुनावी घोषणापत्रहरूमा व्यवस्था भएका नीतिको समीक्षा गरिएको हो। यसका लागि प्राथमिक र द्वितीयक दुवै प्रकारका स्रोतहरूबाट प्राप्त तथ्यांकलाई तुलना र विश्लेषण गरिएको छ।

## नेपालमा संस्कृति संरक्षण र पर्यटन विकासको सम्भावना

सांस्कृतिक पर्यटनको विकासका लागि सांस्कृतिक सम्पदाको ठुलो भूमिका रहन्छ। यहाँका सांस्कृतिक सम्पदा हेर्न, जान्न, सिक्न तथा तिनमा रमाउन सांस्कृतिक पर्यटकहरूले विभिन्न स्थानको भ्रमण गर्दछन् (आरबीएम् २०१२ः ३) । जस्तो कुनै पनि एउटै भाषा, खानपिन र परम्परा भएका मुलुकका पर्यटकहरू धेरै जातजाति, भाषाभाषी, परम्परा, धर्म र रितिरिवाज भएका मानिसहरू एकै स्थानमा मिलेर बसेको देख्ता अचम्मित हुने गर्दछन्। उनीहरू त्यस्तो स्थानमा पुगेर तिनको संस्कृति सिक्ने तथा विविधता भएको समाजमा मानिसहरू मिलेर र रमेर बस्नुको कारणबारे जानकारी लिन चाहन्छन्। सांस्कृतिक पर्यटकहरू अन्य प्रकारका पर्यटकभन्दा करिव

२२ प्रतिशतले धेरै समय गन्तव्य क्षेत्रमा बस्तछन् र अन्य प्रकारका पर्यटकले भन्दा प्रतिदिन ३८ प्रतिशत धेरै खर्च गर्दछन् । सांस्कृतिक पर्यटक पुन फिरेर आउने सम्भावना पनि धेरै रहन्छ । उनीहरू ऐतिहासिक र पुरातात्विक स्थल, सँग्रहालयहरू, पुराना भवनहरू, कलाकृति भएका क्षेत्रहरू र स्मारकहरूको भ्रमण गर्न रुचाउँछन् । उनीहरूको शोच आनन्दभन्दा पनि ज्ञान लिने विषयमा केन्द्रित रहन्छ ।

सांस्कृतिक पर्यटकहरू सम्पदा क्षेत्रको भ्रमण गर्दछन् । यस्तो भ्रमण सम्पदा बुझ्ने, तिनको संरक्षण गर्ने तथा आनन्द लिने उद्देश्यका साथमा गरिन्छ । अन्य वर्गका पर्यटकभन्दा सांस्कृतिक सम्पदा पर्यटकले धेरै खर्च गर्ने हुँदा उनीहरूबाट मुलुकको अर्थव्यवस्थामा पनि सहयोग पुग्दछ । यसबाट नयाँ रोजगारी सृजना हुन्छ र साना व्यवसायलाई पनि सहयोग पुग्दछ । यसले स्थानीय स्रोतको सदुपयोग र संरक्षणमा सहयोग गर्दछ । स्थानीय समुदायहरूका बिचमा यसले सम्बन्ध स्थापित गराउँछ । सांस्कृतिक पर्यटनले सामाजिक व्यवस्थामा पनि सहयोग गर्दछ । यस्तो पर्यटनले स्थानीय परम्परा, संस्कृति र चालचलन कायम राख्न सहयोग गर्दछ । यस्तो पर्यटनबाट परम्परागत सिपको जगेर्ना गर्न सहयोग पुग्दछ । सम्पदा पर्यटकले लिने उपहार हस्तनिर्मित स्थानीय सिपमा आधारित हुन्छन् । सकारात्मक शोचमा विकास हुने, समुदायलाई सुसंस्कृत बनाउन सहयोग पुग्ने, अनुसन्धान र शिक्षाका लागि उपयोगी हुने आदि यसका थप फाइदाहरू हुन् ।

नेपालमा विभिन्न धर्म, भाषा, खानपान, भेषभूषा र रहनसहन भएका मानिसहरू एकै स्थानमा मिलेर बसेको देख्दा विदेशीहरू आश्चर्य चकित हुने तथा यसका बारेमा जानकारी लिन लालायित हुने गरेका छन् । यहाँका पुराना कला, वास्तुकला, ढुंगेधारा, चित्र र अन्य कला र वास्तुले पनि सम्पदा पर्यटकहरूलाई लोभ्याउँछन् । जस्तो पशुपति, लुम्बिनी, स्वयम्भू, चाँगुनारायण भेग, जनकपुर, बौद्ध तथा यहाँका पुराना दरबारक्षेत्रमा भएका सांस्कृतिक सम्पदाको सम्पन्नताका कारण पर्यटकहरू यी क्षेत्रको भ्रमणमा आउन उत्सुक हुने गरेका हुन् । यस्तो सम्पदा पर्यटन नेपालजस्तो मुलुकका लागि ज्यादै महत्त्वपूर्ण मानिन्छ ।

ऐतिहासिक कालमा नेपालको काठमाडौँ उपत्यकामा अनेक प्रकारका कलाकृतिको विकास भयो, जसलाई यहाँको संस्कृतिको एउटा महत्त्वपूर्ण पक्ष मानिन्छ । तसर्थ नेपालमा प्राचीन कालदेखि बनेका थुप्रै प्रकारका प्रस्तरप्रतिमाहरू पाइएका छन् । त्यस युगमा निर्माण गरिएका दरबार, भवन, ढुंगेधारा, चित्र र अन्य प्रकारका कलाकृति नेपालमा प्रचुर पाइन्छन् । तिनीहरू कतिपय कालक्रमले गर्दा नासिए पनि तर तिनीहरूको चर्चा भने विभिन्न स्रोतहरूमा गरिएको पाइन्छ । तिनीहरूले पनि यहाँ सम्पदा तथा सांस्कृतिक पर्यटकलाई लोभ्याउने गरेका छन् । यस्ता वस्तु हेर्नमात्र नभएर तिनका बारेमा शोध, खोज, अध्ययन र अनुसन्धान गर्न पनि सालिन्दा हजारौंको सङ्ख्यामा विदेशी पर्यटकहरू नेपाल आउने गरेका छन्, जसबाट यहाँको पर्यटन विकासमा टेवा पुगेको छ ।

नेपालमा मध्यकालताका कलाकृतिको निकै धेरै विकास भयो । त्यस बेला नेपालमा मानिसभन्दा धेरै मूर्तिहरू छन् भन्ने कुरा विदेशीहरूले बताउने गर्दथे । तत्काल यहाँ घरभन्दा मन्दिर धेरै छन् भन्ने धारणा पनि थियो । मध्यकालमा नेपालमा मानिसभन्दा धेरै मूर्ति र वर्षका ३६५ दिनभन्दा धेरै सङ्ख्यामा चाडवाड छन् भन्ने प्रचार भयो । प्राचीन कालदेखि नै निरन्तर रूपमा बनेका यी कलाकृति र सुरु भएका जात्रा, पर्व र उत्सव आदि हाम्रा सांस्कृतिक सम्पदा हुन् । यहाँको सांस्कृतिक पर्यटनको विकासमा यिनको ठुलो योगदान रहन्छ । विभिन्न युगमा बनेका यहाँका पुराना प्रतिमा, चित्र, मन्दिर, दरबार, मठ, पाटी, धर्मशाला, क्षोर्तेन, स्तुप, विहार, ढुंगेधारा र दरबार

तथा परम्परागत भवन मूर्त सांस्कृतिक सम्पदा हुन् जसले सालिन्दा हजारौं पर्यटकलाई आकर्षित गर्ने गरेका छन् । यहाँका लुम्बिनी, कपिलवस्तु, विराटराजा, किचकबध, देवदह, हरिश्चन्द्रगढी, धनपालगढी, सिम्रौनगढ, वाल्मीकिआश्रम र अन्य थुप्रै पुरातात्विक स्थल र गढीहरू पनि मूर्त सांस्कृतिक सम्पदा हुन्, जसको अध्ययन गर्न, जसलाई हेरेर शिक्षा लिन, समय बिताउन तथा मनोरञ्जन गर्न पनि सालिन्दा थुप्रै विदेशी पर्यटकहरू यस भेगको भ्रमणमा आउने गरेका छन् । लोकबाद्य, लोक उपकरण, लोकभेषभूषा, खानपिन, गरगहना र आवास सबै यहाँका मूर्त सांस्कृतिक सम्पदा हुन् । यिनीहरू सवैले यहाँको सांस्कृतिक पर्यटन विकासको सम्भावना बोकेका छन् ।

नेपालको सांस्कृतिक पर्यटन अमूर्त सांस्कृतिक पक्षसँग पनि सम्बन्धित छ । अमूर्त संस्कृतिबाट प्रेरित पर्यटन अमूर्त सांस्कृतिक पर्यटन मानिन्छ । नेपालका मुख्य अमूर्त सांस्कृतिक सम्पदा मेला, पर्व, जात्रा, उत्सव, चालचलन, रितिरिवाज, आनिवानी, अतिथिसत्कार पद्धति, विश्वास, धर्म, भाषा, परम्परा आदि हुन् । यहाँ अहिले पनि दिनैजसो अनेक प्रकारका जात्रा र पर्व मनाउने, मेला लगाउने, नृत्य गर्ने र उत्सव मनाउने चलन छ। सांस्कृतिक पर्यटकहरू प्राय यस्तै अवसरमा नेपालको भ्रमणमा आउने गरेका छन् । यहाँका रथजात्रा, खटजात्रा, विस्केटजात्रा, खड्गजात्रा, त्रिशूलजात्रा, सेतो र रातो मत्स्येन्द्रनाथको रथजात्रा, श्रीकृष्णको रथजात्रा, इन्द्रजात्रा, भैरवजात्रा, विस्केटजात्रा, सात गाउँको जात्रा, निलबाराहीजात्रा, रोपाईंजात्रा र गाईजात्रा आदि आफ्नै विशेषतायुक्त छन् । यहाँ नाचिने भैरवनाच, कालीनाच, नीलबाराहीनाच, नवदुर्गानाच, कात्तिकनाच, लाखेनाच, धाननाच, सिलीनाच, भुओनाच, सराय नाच, खैंजडी नाच, सतारनाच र अन्य विविध प्रकारका नृत्यसमेत महत्त्वपूर्ण अमूर्त सांस्कृतिक सम्पदा हुन् । यहाँका साप्ताहिक हाटबजारमा पशु, खाद्यान्न र अन्य आवश्यक वस्तु किनमेल गर्ने परम्परा पनि संस्कृतिसँग सम्बन्धित छ । धार्मिक स्थलहरूमा विशेष पर्वमा मेला लगाउने परम्परा नेपाली संस्कृति नै हो । जस्तो कार्तिकपूर्णिमा, मकरसंक्रान्ति रामनवमी, शिवरात्रि, बालाचतुर्दशी र श्रीपञ्चमी विभिन्न स्थानमा मेलापर्व लाग्ने अवसर हुन् । यस्ता मेलापर्व पनि संस्कृतिका परिचायक हुन्छन् जसले पनि पर्यटकलाई लोभ्याउने गर्दछन् ।

नेपालीहरूका आफ्नै प्रकारका आनिवानी छन् । जस्तो अतिथि, माता र पितालाई देवतासमान मानेर पूजाआजा गर्ने यहाँको पुरानो परम्परा हो । यस्तो आनिवानी पनि हाम्रा अमूर्त सांस्कृतिक सम्पदा हुन् । नेपालीहरूमा प्रचलित विश्वास, जीवनमा गर्ने संस्कार, मान्ने धर्म, बोलिने भाषा, परम्परा, शोच, धारणा र रितिरिवाज सबै अमूर्त सांस्कृतिक सम्पदा हुन् । यस्ता चालचलन र रितिरिवाज अन्यत्रका भन्दा भिन्न र मानवमात्र प्रति दयाभाव राख्ने, परोपकारी तथा कल्याणकारी भएकाले यिनीहरूका बारेमा जानकारी लिन विदेशी पर्यटकहरू हुरुक्क हुन्छन् र सालिन्दा हजारौंको सङ्ख्यामा नेपालमा आउने गरेका छन् । यसको प्रचारप्रसार र समुचित व्यवस्थापन गरिएमा हाम्रो सांस्कृतिक पर्यटन अझ फस्टाएर जाने सम्भावना छ ।

नेपालमा सयौं जातजाति, सयौं भाषाभाषी, पुराना कलाकृति र जात्रा, परम्परालगायतका सांस्कृतिक विषयवस्तु प्रचुर छन् । यही सम्पदाका कारण नेपालमा सांस्कृतिक पर्यटनको विकासका सम्भावना प्रचुर भएका हुन् । विश्वका सांस्कृतिक दृष्टिले अति कमसल राज्यहरूका लागि यही कारणले नेपाल आकर्षणको केन्द्रविन्दु बनेको छ । नेपालमा मनाइने लोकपर्व, हाटबजार, उत्सव र परम्परा, विभिन्न जातजातिका लोकनृत्य, लोकगीत, लोकबाद्य, जीविका र अन्य थुप्रै विषयवस्तु सांस्कृतिक पर्यटन विकासका आधारशिला बन्न सक्तछन् ।

नेपालका उत्तर र दक्षिणका छिमेकमा करिव ३ अरवभन्दा धेरै जनसङ्ख्या छ। त्यसको १ प्रतिशतमात्र पर्यटक नेपाल आएमा सालिन्दा ३० लाख पर्यटकको नेपाल आगमन हुने सम्भावना रहन्छ। यस विषयलाई पनि मध्यनजर गरी कार्य गर्न आवश्यक छ।

बौद्धधर्ममा बुद्ध जन्मिएको, ज्ञान पाएको, पहिलो उपदेश दिएको र महापरिनिर्वाण पाएको स्थानलाई चारवटा मुख्य तीर्थ मानेर जीवनमा कम्तिमा पनि एकपटक ती स्थानको यात्रा गर्नुपर्ने मान्यता बौद्धमार्गीमा रहेको पाइन्छ। नेपालमा बुद्धको जन्म भएको थियो भने उनले जीवजनको करिव २९ वर्षको उमेर यहीं कपिलवस्तुमा बिताएका थिए। बुद्धको मावली स्थान रामग्राम वर्तमान नेपालभित्र नै पर्दछ। यी स्थानको भ्रमणका लागि बौद्धमार्गीमात्र नभएर विश्वका अन्य समुदायका मानिसहरू पनि लालयित हुने गरेका छन्। स्वयम्भू ज्योतिरूप, आदिबुद्ध र वज्रसत्वलगायतका मानव बुद्धका जन्म, उत्पत्ति, साधना र बसोवास स्थलका रूपमा काठमाडौँ उपत्यका प्रसिद्ध छ। विशेषगरी चिन, तिब्बत, मंगोलिया, जापान, कोरिया, थाईलैण्ड, कम्पुचिया, सिँगापुर, श्रीलंका, म्यान्मार र भियतनामलगायतका बौद्ध मुलुकका तीर्थयात्रीहरू यस्ता प्रसिद्ध बौद्ध तीर्थहरूको भ्रमणमा आउने सम्भावना प्रचुर रहन्छ।

## चुनौतिहरू

नेपालमा सांस्कृतिक पर्यटनको विकासका लागि चुनौति पनि प्रचुर रहेका देखिन्छन्। सर्वप्रथम त यहाँका कतिपय सम्पदा पहिचान र अभिलेखीकरण हुन बाँकी छन् भने तिनका बारेमा समुचित रूपमा प्रचारप्रसार पनि भएको छैन। यहाँका सम्पदाको जानकारी विश्वका थुप्रै मानिसहरूलाई हुन सकेको पाइँदैन। विभिन्न माध्यमबाट विश्व पर्यटन बजारमा यहाँका सांस्कृतिक सम्पदाको यथेष्ट प्रचार भएको अवस्थामामात्र पर्यटकहरू नेपालको भ्रमणमा आकृष्ट हुन सक्तछन्। तिनीहरूको महत्त्वका बारेमा पनि विभिन्न माध्यमबाट प्रचार हुन आवश्यक छ।

हाल नेपाल पर्यटन बोर्ड र पर्यटनसँग सम्बन्धित विभिन्न संघसंस्थाले यहाँका पर्यटकीय स्थल र विषयवस्तुका बारेमा प्रचारप्रसार गर्ने गरेका छन् तर यससम्बन्धी हालको प्रयास पर्याप्त छैन र यतिलेमात्र यहाँको पर्यटन बजारको प्रबर्द्धन गर्न कठीन छ। सरकारले पर्यटन नीति २०६५ ल्याएको छ तर अझ पनि सांस्कृतिक पर्यटन विकासका लागि थप नीतिनियमको आवश्यकता रहेको छ। संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र निजी क्षेत्रको पनि महत्त्वपूर्ण योगदान भएको खण्डमामात्र यहाँको पर्यटनको प्रवर्द्धन र विकास हुन सक्ने सम्भावना छ। यी सबै निकायलाई समन्वय गरी पर्यटनको विकास गर्ने कुरा चुनौतिपूर्ण छ।

नेपालमा पर्यटकहरूलाई आवास र खानपिनको सुविधा होटलहरूले गर्ने गरेका छन् तर हाल विद्यामान होटलले ठूलो सङ्ख्यामा आउने पर्यटकको चाप थेग्न सक्ने अवस्था छैन। यहाँ एकैपटक २० लाख पर्यटक आएमा उनीहरूलाई बसोबास र खानपानको व्यवस्था गर्ने क्षमताको अभाव छ। साथै कुनै सिजनमा पर्यटक प्रशस्तै आउने र होटल व्यवसाय फस्टाउने भए पनि बेमौसममा होटलहरूले ग्राहक पाइरहेका हुँदैनन्। पर्यटकको चाप धेरै भएको अवस्थामा देशका विभिन्न भागमा खुलेका घरबासले पनि पर्यटकलाई सेवा दिने गरेका छन् तर तिनको व्यवस्थापन गर्ने कुरा पनि हाल चुनौतीका रूपमा रहेको छ। कतिपय स्थानमा पर्यटकको ठुलो चाप हुने तथा अन्य स्थानमा पर्यटक जाँदै नजाने कुरा पनि चुनौतिका रूपमा रहेको देखिन्छ। यसको समाधानका लागि उचित तथा समयसापेक्ष नीति, नियम र कानुनको आवश्यकता पर्दछ।

नेपालमा सांस्कृतिक पर्यटकहरूलाई सेवा दिने पथ प्रदर्शक, गाईड, यात्रा व्यवस्थापक र अन्य एकाईका पनि आफ्नै प्रकारका समस्या र चुनौतिहरू रहेका छन् । कतिपय स्थानमा यातायातको विकास नहुनु, कतिपय महत्त्वपूर्ण पदयात्रा स्थानको खोजी र प्रचार नहुनु, शान्तिसुरक्षालगायतका समस्या रहनु आदि यहाँका सांस्कृतिक पर्यटन विकासका मुख्य चुनौतिहरू हुन् । यहाँका पर्यटन गतिविधि हुने थुप्रै प्रकारका विषयवस्तुको प्रचार नहुनु पनि यहाँको पर्यटन विकासका लागि चुनौतीका रूपमा रहेको छ । नेपाल आउने जाने हवाई सेवाको समुचित विकास नहुनु पनि अर्को चुनौति हो । नेपालको हवाई यातायात सुरक्षित भएको कुरा पर्यटकहरूलाई अनुभूति गराउनुपर्दछ । हवाई यातायातको शुल्कले पनि यहाँ आउने पर्यटकलाई असर गरिरहेको हुन्छ । पर्यटकहरूलाई विभिन्न स्थानमा जाँदा दिइने उपहारहरूको उत्पादन समुचित मात्रामा हुन सकेको पाइँदैन । सांस्कृतिक सम्पदाका क्षेत्रमा पर्यटनको विकास भएपछि सम्पदाहरू नासिन सक्तछन् । पर्यटनको विकासका साथमा वातावरणीय र पऱ्यावरणीय क्षति पनि त्यसैअनुसार हुने गर्दछ । तिनीहरूको संरक्षण र सम्बर्द्धन गर्नु मुख्य चुनौति हुन सक्तछ ।

पर्यटकहरूका कारण स्थानीय संस्कृति परिवर्तन हुने तथा हराउने सम्मको जोखिम रहन्छ, जुन सांस्कृतिक पर्यटन विकासको ठुलो चुनौति हो । पर्यटकहरूसँगको सम्पर्कका कारण युवाहरूले देखासिकीका रूपमा आफ्नो मातृभाषा छाडेर अङ्ग्रेजी र अन्य भाषा बोल्ने, आफ्नो खाना, भेषभूषा र संस्कृति छाडेर अरूको अवलम्बन गर्नु, आफ्नो परम्परागत पेसा छाडेर अन्य पेसा अवलम्बन गर्ने अवस्था सिर्जना भएका थुप्रै उदाहरण पाइन्छन् । यसरी संस्कृति परिवर्तन हुने कुरालाई रोक्ने विषय ठुलो चुनौतिका रूपमा रहेको छ । धर्म परिवर्तन गर्ने र आफ्ना रितिरिवाज, संस्कार, आनिवानी तथा परम्परा चटक्कै छाड्ने अवस्था पनि पर्यटन विकासबाट आउने चुनौति हुन् । यिनीहरूलाई न्यूनीकरण गर्ने योजना हामीहरूमा रहन आवश्यक छ । निश्चित सिजनमामात्र पर्यटक आउने र अन्य सिजनमा पर्यटन क्षेत्रका मानिसहरू त्यत्तिकै वस्नु पर्ने चुनौती पनि पर्यटन व्यवसायमा त्यसैअनुसार छ । यसलाई पनि योजनाबद्ध ढंगमा हटाउन आवश्यक देखिन्छ ।

## नेपाली काङ्ग्रेसको संस्कृति र पर्यटन नीति

राष्ट्रियता, लोकतन्त्र र समाजवादलाई नेपाली काङ्ग्रेसको आदर्श मानिएको छ । बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्द्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय प्रणालीलाई यसले अवलम्बन गरेको छ । यसैको माध्यमबाट नेपाली काङ्ग्रेसले सामाजिक राजनैतिक र आर्थिक विकासको लक्ष्य पूरा गर्ने उद्देश्य लिएको देखिन्छ । नेपाली कांग्रेसको विधान २०१७ ले पार्टीको केन्द्रीय तहमा विभिन्न २८ वटा केन्द्रीय विभागहरू रहने व्यवस्था गरेको छ । यिनीहरूमध्ये पेसा तथा बुद्धिजीवी विभाग, भाषा, साहित्य, कला तथा संस्कृति विभाग र पर्यटन विभाग संस्कृति तथा पर्यटन नीतिसँग निकट रहेका छन् । यिनीहरूले आआफ्नो क्षेत्रको कार्य गर्ने व्यवस्था नेपाली काङ्ग्रेसको विधानमा रहेको पाइन्छ ।

नेपाली काङ्ग्रेसका विभिन्न विभागहरूमध्येको पेसा तथा बुद्धिजीवी विभागले बुद्धिजीवीको क्षेत्रमा अनेक प्रकारका कार्यहरू गर्ने लक्ष्य लिएको छ । नेपाली काङ्ग्रेसको विधानले नै यसले निम्नानुसारका कार्यहरू गर्ने उद्देश्य राखेको देखिन्छ ।

क) पार्टीसँग आबद्ध या वैचारिक रूपले नजिक रहेका पेसागत एवम् बुद्धिजीवी संस्था र व्यक्तिहरूसँग सम्बन्ध, सम्पर्क बनाई पार्टी हितमा क्रियाशील बनाउने कार्य गर्ने ।

ख) देशभरीका पेसागत तथा बुद्धिजीवी संघसंस्था, नागरिक समाज वा व्यक्तिहरूको अभिलेख राख्ने ।

ग) बुद्धिजीवी, नागरिक समाजका व्यक्तिहरूसँग निरन्तर बैठक अन्तरक्रिया गरी विविध विषय क्षेत्रमा पार्टीका नीति र कार्ययोजना बनाउन सुझाव लिने **(नेपाली काङ्ग्रेसको विधान २०१७, पृ. ६७) ।**

नेपाली काङ्ग्रेसको पेसा तथा बुद्धिजीवी विभागले विभिन्न पेसामा आबद्ध व्यक्तिहरूलाई एकता गराइ पार्टीको काममा सहजता ल्याउने नीति लिएको देखिन्छ । यस विभागले पार्टीसँग आबद्ध वैचारिक पेसाकर्मी तथा बुद्धिजीवी संस्था र व्यक्तिहरूसँग सम्बन्ध स्थापित गर्ने र पार्टीलाई जीवन्त राख्न र पार्टीको नीति कार्यान्वयन गर्न सहयोग लिने उद्देश्य राखेको छ। यसले विभिन्न पेसा र व्यवसायमा रहेका नेपाली काङ्ग्रेसप्रति आस्थावान मानिसहरूलाई एकताबद्ध गराउने देखिन्छ।

नेपाली काङ्ग्रेसको भाषा, साहित्य, कला तथा संस्कृति विभागले चाहिं यी विविध क्षेत्रमा कार्य गर्ने नीति लिएको छ। यस विभागले भाषा, साहित्य, कला र संस्कृतिको विकास र संरक्षणमा जोड दिने लक्ष्य राखेको देखिन्छ। यस विभागका मुख्यमुख्य उद्देश्यहरू निम्नानुसारको हुने उल्लेखित छ।

क) भाषा, साहित्य, कला तथा संस्कृतिबारे अध्ययन अनुसन्धान गर्ने । सम्बन्धित क्षेत्रमा नीति तर्जुमा गर्न केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

ख) भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक कार्य गर्न केन्द्रीय कार्यसमितिलाई सुझाव दिने ।

ग) भाषा, साहित्य, कला र संस्कृतिसँग सम्वद्ध संघ संस्था वा व्यक्तिहरूसँग निरन्तर सम्बन्ध र सम्पर्क स्थापित गर्ने तथा समय समयमा विचार गोष्ठी र अन्तरक्रियात्मक कार्यक्रम गर्ने **(नेपाली काङ्ग्रेसको विधान २०१७, पृ. ६७) ।**

नेपाली काङ्ग्रेसको विधान २०१७ ले पार्टीको केन्द्रीय भाषा, साहित्य कला र संस्कृति विभागले सम्बन्धित क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने पनि नीति लिएको देखिन्छ। साथै यिनीहरूको संरक्षण र सम्बर्द्धन गर्ने जिम्मा पनि यही समितिलाई दिइएको छ। यी विषयवस्तुसँग सम्बन्धित संघ, संस्था र व्यक्तिहरूसँग नियमित रूपमा सम्बन्ध स्थापित गर्ने, सम्पर्क गर्ने र यस क्षेत्रको विकासमा सहयोग गर्ने नीति पनि नेपाली काङ्ग्रेसको रहेको देखिन्छ। यसैगरी पर्यटनको विकास गर्न नेपाली काङ्ग्रेसको विधानमा पर्यटन विभागको पनि व्यवस्था गरिएको छ। यस विधानमा पर्यटन विभागले निम्नानुसारको कार्य गर्ने उद्देश्य राखेको छ।

क) देशको पर्यटन क्षेत्रको समग्र अध्ययन, अनुसन्धान गरी पर्यटक अनुकूल नीति बनाउन केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

ख) पर्यटन व्यवसायसँग आबद्ध संघ संस्थाहरूको विवरण राख्ने, त्यस्ता संघ संस्थाहरूलाई पार्टीको हितमा क्रियाशील बनाउने काम गर्ने ।

ग) पर्यटन क्षेत्रको प्रवर्द्धन, सम्वर्द्धन र विकास तथा पर्यटन क्षेत्रका नयाँ पूर्वाधार र सम्भावनाहरूबारे अध्ययन अनुसन्धान गरी आवश्यक नीति बनाउन केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

नेपाली काङ्ग्रेसको विधानले नै देशको संस्कृति संरक्षण र पर्यटन विकासका लागि अलग्गै केन्द्रीय समिति रहने व्यवस्था गरेबाट यी विषयमा काङ्ग्रेसको नीति स्पष्ट रहेको मानिन्छ। काङ्ग्रेसले यी विभिन्न समितिमार्फत संस्कृतिको संरक्षण गर्ने तथा पर्यटनको विकास गर्ने नीति लिएको स्पष्ट छ। काङ्ग्रेसले यी विषयमा छलफल र अन्तक्रिया गर्नुका साथै रुग्न पर्यटन उद्योगलाई उकास्न प्रयास गर्ने, पर्यटनसम्बन्धी स्पष्ट नीति लिने तथा

पर्यटनको विकासमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता जारी गरेको छ। नेपाली काङ्ग्रेसले संस्कृति र पर्यटनको विकास र संरक्षणका बनेका विभिन्न समितिले आवश्यकताअनुसार महत्त्वपूर्ण कार्यहरू गर्नेसमेत व्यवस्था गरेको देखिन्छ।

नेपाली काङ्ग्रेसले आफ्नो विधानमा भएका संस्कृति संरक्षण र पर्यटनको विकाससम्बन्धी नीति तथा लक्ष्यलाई सार्थकता दिनका लागि चुनावी अभियानहरूमासमेत घोषणापत्रमार्फत उठान गर्ने गरेको छ। यसले स्थानीय, प्रदशस्तरीय र संघीय चुनावमासमेत यस्ता योजना तथा नीतिलाई प्राथमिकताका साथमा प्रस्तुत गरेको देखिन्छ। नेपाली कांग्रेसले वि.सं. २०७९ सालको चुनावका लागि तयार पारेको घोषणापत्रमा पर्यटन र कला, संस्कृति र खेलकुदका बारेमा लिएको नीतिले सम्बन्धित राष्ट्रिय नीतिलाई नै अंगिकार गरेको देखिन्छ। काङ्ग्रेसले वि.सं. २०७९ सालको चुनावका लागि तयार पारेको घोषणापत्रमा पर्यटनका बारेमा ५ वर्षको लक्ष्यमा वार्षिक २० लाख पर्यटक, दैनिक पर्यटक खर्च १०० डलर र कूल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको प्रत्यक्ष योगदान ५ प्रतिशत बनाउने भनेको देखिन्छ (चुनाव घोषणापत्र, नेपाली काङ्ग्रेस, २०७९)। यसैमा पर्यटनका बारेमा आधुनिक पर्यटन वैदेशिक मुद्राको स्रोत रोजगारी सिर्जना र आय आर्जनका दृष्टिकोणले महत्त्वपूर्ण रहेको बताइएको छ। पर्यटनलाई आय आर्जनका दृष्टिले बृद्धि भइरहेका उद्योग मानिएको छ तर कोभिडको संकटले पर्यटनको मनोबल खस्किएको उल्लेख गर्दै यस्तो मनोबल उकास्न ५ वर्षे रणनिति बनाइने कुरा पनि चुनावी मुद्दाका रूपमा उठाइएको देखिन्छ। यस घोषणापत्रमा नै नेपालमा पर्यटन विकासको प्रचुर सम्भावना रहेकाले यसलाई दिगो आर्थिक विकासको प्रमुख आधार बनाइने छ भनिएको छ (नेपाली काङ्ग्रेस, चुनावी घोषणापत्र २०७९)। यसरी चुनावी घोषणापत्रमासमेत नेपाली काङ्ग्रेसले पर्यटनको विकासका लागि निश्चित निति लिएको देखिएको छ।

नेपाली काङ्ग्रेसले कला, संस्कृति र खेलकुदका क्षेत्रमा स्रष्टा सर्जकहरूको वृत्ति विकास गर्ने, प्रदशस्तरीय सांस्कृतिक सँग्रहालय खोल्ने, आदिवासी जनजातिहरूको भाषा, साहित्य र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने एवम् उदीयमान तथा व्यावसायिक खेलाडीहरूमा व्यापक लगानी गर्ने नीति लिएको देखिन्छ। नेपाली काङ्ग्रेसले यसैको माध्यमबाट सामाजिक न्यायमा आधारित सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माण गर्ने नीति लिएको छ (नेपाली काङ्ग्रेस, चुनावी घोषणापत्र २०७९)। यसरी नेपाली काङ्ग्रेसले संस्कृतिको संरक्षण र पर्यटन विकासमा दुरदर्शी नीति ल्याएको छ, जुन नीति हाल कार्यान्वयनको पक्षमा रहेको महसुस हुने गर्दछ।

## निष्कर्ष

नेपाली संस्कृति नेपालमा बसोबास गर्ने सबै मानिसका संस्कृतिको समष्टि रूप हो। नेपालको पर्यटन यहाँको सम्पदामा आधारित छ। नेपालमा भएका विभिन्न जातजाति, तिनका भाषा, लोक गीत, नृत्य, वादन, जात्रा, पर्व, उत्सव, शोच, धारणा र कलाकृति आदि सबै नेपालको संस्कृतिका अङ्गहरू हुन्। नेपाल संस्कृति र सांस्कृतिक अङ्गहरूमा अति सम्पन्न रहेकाले यहाँको पर्यटनको मुख्य प्रकार सांस्कृतिक पर्यटन नै हो। पर्यटकहरू नेपालका यिनै सांस्कृतिक विविधता र सम्पन्नताका बारेमा जान्न, सिक्न, हेर्न र रमाउन आउने गर्दछन्। तसर्थ यहाँको पर्यटन विशुद्ध रूपमा सांस्कृतिक पर्यटन मानिन्छ। पदयात्रा, पर्वतारोहण, र्‍याफ्टिंग, क्यानोइंग, प्याराग्लाईडिंग रकक्लाईमिंग, जंगल सफारी र अन्य सहासिक कार्यका लागि नेपाल आउने पर्यटकको उद्देश्यसमेत यहाँको संस्कृतिमा रम्ने पनि रहेको हुन्छ। तसर्थ नेपालको पर्यटनको सवैभन्दा महत्त्वपूर्ण पक्ष सांस्कृतिक पर्यटन हो।

नेपाली काङ्ग्रेसले संस्कृति संरक्षण र पर्यटन विकासलाई आफ्नो नीतिमा महत्त्वका साथमा उल्लेख गरेको देखिन्छ । नेपाली काङ्ग्रेसको विधान २०१७ मा यी विषयवस्तुबारे स्पष्टसँग उठान गरिएको छ । त्यसमा जीर्ण पर्यटन उद्योगलाई उकास्न अनेक प्रकारका कार्यहरू गर्ने चर्चा गरिएको देखिन्छ । यसैगरी यहाँको संस्कृतिको संरक्षणका लागि पनि विभिन्न नीतिहरू लिइएका छन् । विभिन्न प्रकारका सँग्रहालयहरू खोल्ने, विभिन्न जातजातिका संस्कृतिलाई जोगाउन प्रोत्साहन गर्ने र भाषा, साहित्य, कला र सिपको शोध, खोज र विकासमासमेत जोड दिने नीति काङ्ग्रेसले लिएको छ। काङ्ग्रेसले पनि राष्ट्रिय संस्कृति नीतिलाई नै आफ्नो नीतिको मुख्य आधार बनाएको देखिन्छ। यसरी नेपाली काङ्ग्रेस संस्कृति संरक्षण र पर्यटनको विकासमा सजग र सक्रिय रहेको महसुस हुने गर्दछ।

## सन्दर्भ सामग्री


एन्डरसर, एम् (१९८८). द फेस्टिभल्स अफ नेपाल, रूपा एन्ड को ।

खतिवडा, सोमप्रसाद (२०७१). नेपाली संस्कृति विश्वकोश, जनता प्रकाशन ।

खत्री, प्रेमकुमार (वि.सं. २०६०). नेपालका धार्मिक मत र सामाजिक संरचना, सिस्टमेटिक प्रिन्टिंग सर्भिस ।

दाहाल, पेशल र सोमप्रसाद खतिवडा (२०५८). नेपालको कला र वास्तुकला, एम्के पब्लिसर्स ।

नेपाली काङ्ग्रेसको विधान, २०१७, नेपाली काङ्ग्रेस केन्द्रीय कार्यालय ।

नेपाली काङ्ग्रेसको घोषणापत्र २०७९, नेपाली काङ्ग्रेस केन्द्रीय कार्यालय ।

रोवर्ट, बि.एम् (२०१०). कल्चरल टुरिजम, हावर्थ प्रेस ।

शर्मा, जनकलाल (२०५८). हाम्रो समाज एक अध्ययन, साझा प्रकाशन ।

संस्कृति मन्त्रालय (२०८१). प्रारम्भिक प्रतिवेदन, संस्कृति नीति २०८१ ।

संस्कृति मन्त्रालय (२०६७). संस्कृति नीति, २०६७ ।

संस्कृति मन्त्रालय (२०६५). पर्यटन नीति, २०६५ ।